आज मिति २०७८ साल माघ ७ गते शुक्रवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | अनुपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा. अध्यक्ष व्यास ११ | श्री रामकृष्ण अधिकारी | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७८/०९/२२ को समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : ३६औं नगरसभा सम्बन्धमा ।
प्रस्ताव नं.३ : योजना समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४ : फोहरमैला व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ : आय-व्यय समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.६ : कोभिड सचेतना सम्बन्धमा ।
प्रस्ताव नं.७ : शासकीय सुधार सम्बन्धमा ।
प्रस्ताव नं.८ : अल्ट्रा म्याराथन स्थगित सम्बन्धमा ।
प्रस्ताव नं.९ : नव प्रवर्तनीय साझेदारी कोष सम्बन्धमा ।
प्रस्ताव नं.१० : जग्गा खरिद एवं बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.११ : घर नक्सापास सम्बन्धमा ।
प्रस्ताव नं.१२ : दुध उत्पादन र बजारीकरण निर्देशिका (दोस्रो संशोधन) २०७८ सम्बन्धमा ।
प्रस्ताव नं.१३ : IEE प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.१४ : कर्मचारी सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१५ : घर नक्सा दस्तुर छुट सम्बन्धमा ।
प्रस्ताव नं.१६ : योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१७ : सेवा करारका कर्मचारीको म्याद थप र सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.१८ : दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१९ : सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० : पदपूर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२१ : राजश्व दाखिला गर्ने म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२२ : सामाजिक सुरक्षा भत्ता मा नपुग रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३ : प्रतिवद्धता सम्बन्धमा ।
प्रस्ताव नं.२४ : प्राविधिक शिक्षाको लागि आर्थिक सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२५ : विपद अन्तर्गत सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२६ : प्रेस चौतारीलाई सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२७ : सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२८ : आन्तरिक नियन्त्रण समिति पुनर्गठन सम्बन्धमा ।
प्रस्ताव नं.२९ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकको ज्याला दर सम्बन्धमा ।
प्रस्ताव नं.३० : स्थानीय बिदा सम्बन्धमा ।
प्रस्ताव नं.३१ : रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.३२ : विद्यालय व्यवस्थापन समितिमा वडा प्रतिनिधि खटाउने सम्बन्धमा ।
प्रस्ताव नं.३३ : खोलाहरुबाट ग्राभेल झिक्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७८/९/२२ गते भएको बैठकको निर्णयहरुका सम्बन्धमा समीक्षा गरी कार्यान्वयन नभएकाको हकमा तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०७८ माघ २१ गते हुने ३६औं नगरसभामा प्रस्तुत गरिने विभिन्न विषयको तयारी सम्बन्धमा निम्नानुसार जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(क) नीति कार्यक्रमको समिक्षा सम्बन्धमा – नगर प्रमुख
(ख) आय-व्यय बजेट कार्यक्रमको समिक्षा सम्बन्धमा – उपप्रमुख

(ग) संगठन व्यवस्थापन कर्मचारी सुविधा सम्बन्धमा – प्रमुख प्रशासकीय अधिकृत
(घ) ऐन, नियम, कार्यविधि मस्यौदा सम्बन्धमा – विधायन समिति

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ का लागि विभिन्न १०४७ योजनाहरु मध्ये ३४९ योजनाहरु सम्पन्न भएका ४२० योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेका २७८ योजनाहरु सम्झौताको तयारीमा रहेको र कुल विनियोजित रकम ३२% रकम खर्च भएको जानकारी प्राप्त भई समिक्षा गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रको फोहर मैला व्यवस्थापन गर्नका लागि ५० देखि १०० रोपनीसम्म पर्ति सार्वजनिक जग्गाको खोजी गरी गुरुयोजना निर्माण गरी सरसफाई केन्द्र ३ महिना भित्र व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल हुँदा ३५औं नगर सभाबाट आ.व. २०७८/०७९ का लागि स्वीकृत अनुमानित आय १,७७,८९,१२,७००।- सङ्घीय सरकारबाट ५८%, प्रदेश सरकारबाट ३४%, राजश्व बाँडफाँडबाट ३३%, आन्तरीक स्रोतबाट ४२% प्राप्त भएको बैठकमा विवरण पेश हुन आएकोमा सोको समीक्षा गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा विद्यमान परिस्थितिमा कोरोनाको नयाँ भेरियन्टको संक्रमणको प्रभाव बढ्दै गईरहेकोले सम्पूर्ण नगरवासीहरुमा स्वास्थ्य मापदण्ड पालना गर्न र कोरोना संक्रमणको प्रभाव बढ्दै गईरहेकोले सम्पूर्ण नगरवासीहरुमा स्वास्थ्य मापदण्ड पालना गर्न र कोरोना संक्रमणको शंका लागेमा PCR परीक्षण प्रयोगशाला व्यास १० दुम्सी बजारमा निःशुल्क परीक्षणका लागि सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा विश्व बैंकको सहयोगमा शहरी विकास विभागसँग शासकीय सुधार अन्तर्गत गरिएको सम्झौता अनुसार २५ पार्टीहरुको प्रारम्भिक प्राविधिक सहयोगको इच्छा पत्रको मूल्याङ्कन गरी निम्नानुसार ८ (आठ) पार्टीलाई प्राथमिकता तोकी शहरी विकास विभागमा सिफारिस गर्ने निर्णय गरियो ।

| SN | Consulting Firms | Score | Remarks |
|---|---|---|---|
| 1 | ERMC (P) Ltd. (Environment and Resource Management Consultant), New Baneshwor, Kathmandu | 100 | |
| 2 | BOTEK Bosphorus Technical Consulting Corp., Istanbul in JV with GOEC Nepal (P) Ltd., Buddhanagar, Kathmandu | 100 | |
| 3 | Building Design Authority (P) Ltd., Kamaladi, Kathmandu, Nepal in JV with Geocom International Pvt. Ltd., Dhobighat, Lalitpur, Nepal | 100 | |
| 4 | ITECO Nepal (P) Ltd., Minbhawan, New Baneshwor, Kathmandu, Nepal in JV with NayaRastriya Engineering Consultancy Pvt. Ltd., Khumaltar, Lalitpur, Nepal, Unique Consultancy Pvt. Ltd., Jwagal, Lalitpur and Bench Mark Consultants & Lab Pvt. Ltd. | 100 | |
| 5 | TAEC Consult P. Ltd., Kathmandu, Nepal in JV with Tech Studio of Engineering | 100 | |
| 6 | MSV International Inc., 15215, 62nd Avenue N.E. Kenmore, Washington-98028 USA in association with Civil Informatics and Solutions P. Ltd., Chakupat, Patan, Lalitpur, Nepal and WEKREATE INTERNATIONAL PVT. LTD., Gaushala-09, Kathmandu | 100 | |
| 7 | B.N. Consultancy Pvt. Ltd., Lalitpur Metropolitan City-2, Sanepa in JV with Plush Engineers and Architects (P.) Ltd., Lalitpur Metropolitan City-2, Sanepa | 100 | |
| 8 | BDA Nepal (P) Ltd, Baluwatar, Kathmandu, Nepal in JV with Research Engineers Consultant (RECON), Shantinagar, Kathmandu and in association with Rajdevi Engineering Consultant (P.) Ltd., Ganesh marga, Shankhamul-31 and Next Consult Pvt. Ltd., Kirtipur, Kathmandu | 100 | |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा हरेक बर्ष माघ १६ गते शहिद दिवसका दिन अल्ट्रा म्याराथन, प्रतियोगिता सञ्चालन गरिदै आएकोमा यस बर्षको माघ १६ मा पनि उक्त प्रतियोगिताको आयोजना गरिएकोमा नयाँ भेरियन्ट सहितको कोरोना संक्रमणको प्रभाव बढ्दै गएको हुँदा हाललाई अल्ट्रा म्याराथन प्रतियोगिता स्थगन गर्ने निर्णय गरियो । साथै शहिद दिवसको सन्दर्भमा पुलिमराङ्गमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारबाट माग भएको नव पर्वतनीय साझेदारी कोषको लागि **एकीकृत डिजिटल व्यास नगरपालिका परियोजना**को रु.१,१९,००,०००।०० बराबरको प्रस्ताव माग गरी पठाउने र उक्त प्रस्ताव अर्न्तगत न.पा कार्यालयको दायित्व अर्न्तगत पर्ने ३० प्रतिशत रकम रु.३५,७०,०००।०० मात्र विविध खर्च शिर्षकबाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १ को वडा कार्यालयको कि.नं. १२४६ को जग्गासँगै जोडिएको व्यास १ निवासी छविजंग ठकुरीका नाउँमा रहेको साविक कर्लुङ्ग ६/ज कि.नं. १२५१ को जग्गा मध्येबाट ०-८-०-० क्षेत्रफल जग्गा प्राप्त गर्नका लागि नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमतीका लागि अनुरोध गर्ने निर्णय गरियो । साथै जग्गा खरीद गर्नका लागि व्यास नगरपालिकाको आ.व. २०७८/०७९ का लागि विनियोजन भएको बजेट शिर्षक नं. ७९२ मा बजेटको व्यवस्था गरिएको व्यहोरा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका घर नक्सापास शाखाबाट प्रथम चरणको अस्थायी नक्सापास, दोस्रो चरणको स्थायी स्वीकृती र अन्तिम चरणको निर्माण सम्पन्न लिई त्यस पश्चात् आफूखुशी बाटो तर्फको छोड्न पर्ने न्यूनतम पिल्लरको सेटव्याक नछोडी प्रचलित मापदण्डलाई प्रतिकुल असर पर्ने गरी भवन निर्माण गर्ने घरधनीहरुको विवरण संकलन गरी घर नक्सापास तथा निर्माण सम्पन्न प्रमाणपत्र रद्द गर्ने साथै वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधा कटौती र रोक्का गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा दुध उत्पादन र बजारीकरणका आधारमा तपसिल बमोजिमका अनुदान कार्यक्रम निर्देशिका (दोस्रो संशोधन) २०७८ संशोधन गर्ने निर्णय गरियो ।

| भएको | संशोधन गर्नुपर्ने |
|---|---|
| दफा ५ (५) (ग) सदस्य– आर्थिक पूर्वाधार विकास शाखा प्रमुख राखिएको छ । | (ग) सदस्य– कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख |
| दफा ५ (३) (क) दैनिक कम्तीमा २०० लिटर र वार्षिक कम्तीमा २०० दिनसम्म दुधको कारोवार गर्ने गरेको । | दफा ५ (३) (क) नियमित रुपमा दुध सङ्कलन तथा विक्री वितरण गर्ने गरेको । |
| अनुसूची ३ * दैनिक कम्तीमा २०० लिटर देखि ५०० लिटरसम्म दुध सङ्कलन गर्ने सहकारीलाई २० अङ्क र ५०० लिटरदेखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनु पर्नेछ । | * दैनिक २५ लिटरदेखि ५० लिटरसम्म दुध सङ्कलन गर्ने सहकारीलाई ५ अङ्क,<br>५० लिटरदेखि १०० लिटरसम्म १० अङ्क,<br>१०० लिटरदेखि २०० लिटरसम्म १५ अङ्क,<br>२०० लिटरदेखि ३०० लिटरसम्म २० अङ्क र<br>३०० लिटरदेखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क दिनु पर्नेछ । |

**निर्णय नं.१३ :** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास १ तालघरे र व्यास १० डिहीगाउँ जोड्ने गरी मोटरेवल पक्की पुल निर्माणको लागि IEE प्रतिवेदन तयार पारी सो प्रतिवेदनको आधारमा स्थानीय टोलबासीहरुलाई उक्त पुल निर्माण कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४ :** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. कार्यालय अन्तर्गतको एकिकृत जग्गा विकास कार्यक्रममा कार्यरत सव-ईन्जिनियर यात्रा बहादुर दरैको मासिक सुविधा छुट भएकोले उपलव्ध गराई पाउँ भनि निवेदन दिएकाले निजलाई २०७८ मंसीर महिनादेखि नै लागू हुने गरी अन्य प्राविधिक कर्मचारीले पाए सरह मासिक सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १२ बस्ने दुर्गा बहादुर न्यौपानेको कच्ची घर मिति २०७७/१२/१३ गते आगलागी भई पूर्ण क्षति भएकाले हाल भुकम्प प्रतिरोधी पक्की आर.सी.सी. घर निर्माण गर्न लागेकाले घर नक्सा शुल्क छुट गरिदिनु १२ नं. वडा कार्यालयबाट सिफारिस भै आएको हुँदा निज दुर्गा बहादुर न्यौपानेको नियमानुसार लाग्ने घर नक्सा पास दस्तुर मिनाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ६ बाट माग भै आए अनुसारको निम्न योजनालाई निम्नानुसार परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजना | रकम | परिवर्तन गरिएको योजना | रकम |
|---|---|---|---|---|
| १. | श्याम्घा स्वास्थ्य चौकी देखि तल्लो सिरुवारी जाने अधुरो मोटर मार्ग स्तरोन्नती (वडा नं. ६) | १,५०,०००।- शिर्षक ४२८ | सिरुबारी मोटर मार्ग, शान्ति मोटर मार्गरैकरेबाट तल्लो सिरुबारी जोड्ने मार्ग स्तरोन्नती | १,५०,०००।- |
| २. | महिला युवा तथा सिप तथा नेतृत्व विकास (वडा नं. १२) | ५,००,०००।- शिर्षक १३६ | वडाका महिला, आमा समूहको प्रतिनिधिमूलक क्षमता विकास अध्ययन तथा अवलोकन भ्रमण | ३,००,०००।- |
| | | | महिला युवा लक्षित वर्गहरुको लागि मुढा बुन्ने तालिम | २,००,०००।- |

**निर्णय नं. १७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०७८ पौष मसान्तमा समाप्त भएकोले म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी २०७९ आषाढ मसान्तसम्मको लागि साविक कै सेवा सुविधा र शर्त बमोजिम हुने गरी सम्पूर्ण सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक बर्षमा सञ्चालन हुने गरी तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्मका बोलपत्र र दरभाउपत्रहरु मध्ये मूल्याङ्कन समितिको सिफारिसमा तपसिलमा उल्लेखित फर्महरुको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी निर्माण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि. नं | ठेक्का नं | फर्मको नाम र ठेगाना | कार्यको विवरण | कबोल अंक (मु.अ.क. वाहेक) |
|---|---|---|---|---|
| १ | १७/vyasmun/ २०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. शुक्लागण्डकी ८ तनह | वडा कार्यालय भवन निर्माण योजना व्यास ६ | रु.१८,०८,०९९।९० |

| | | | | |
|---|---|---|---|---|
| २ | १८/vyasmun/ २०७८।०७९ | श्री विश्वास एण्ड विपु कन्स्ट्रक्सन काठमाण्डौ | वडा कार्यालय भवन निर्माण योजना व्यास १४ | रु.१७,८७,९९२।०० |
| ३ | १९/vyasmun/ २०७८।०७९ | श्री एस.एन.एस.कन्स्ट्रक्सन प्रा.लि. व्यास ५ तनह | स्याम्घा रातामाटा स्वास्थ्य केन्द्र भवन निर्माण योजना व्यास ६ | रु.१६,३७,९४३।०० |
| ४ | २०/vyasmun/ २०७८।०७९ | श्री माता बाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. शुक्लागण्डकी ८ तनह | कर्लुङ स्वास्थ्य केन्द्र भवन निर्माण योजना व्यास १२ | रु.१७,१५,४२१।०० |
| ५ | २१/vyasmun/ २०७८।०७९ | श्री क्रियटिभ विजनेस इन्टरप्राईजेज त्रिपुरेश्वर काठमाण्डौ | सडक बत्ति र जडान सम्बन्धी अन्य विद्युतिय सामाग्री खरिद (वडा ४ समेत) | रु.१२,६२,६७०।०० |

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका दमौली तनहुँ र गणतन्त्र दक्षिण कोरियाको कोरियन कल्चर सेन्टर बीच आवश्यक समन्वय गरी यस नगरपालिकाबाट मौसमी कामदारहरु दक्षिण कोरिया पठाउने कार्यको लागि व्यास नगरपालिका कार्यालयकाका वरिष्ठ ईन्जिनियर श्री रविन्द्र लाल मुललाई फोकल पर्सन (सम्पर्क व्यक्ति) तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२० :** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा निर्मित व्यास १० दुम्सीको कोभिड अस्पतालमा रिक्त मेडिकल अधिकृत (अधिकृत स्तर आठौं) पदमा पदपूर्ति गर्नका लागि निम्नानुसारको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष श्री डिल्लीराम सिग्देल – प्रमुख प्रशासकीय अधिकृत
सदस्य श्री कुमार कंचन जि.सी. – उपनिर्देशक
सदस्य श्री प्रमोद सोती – जनस्वास्थ्य अधिकृत
सदस्य श्री गोकर्णराज वाग्ले – वरिष्ठ अधिकृत
सदस्य सचिव श्री रामचन्द्र हड्खले – वरिष्ठ प्रशासकीय अधिकृत

**निर्णय नं.२१ :** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा वडा नं.५ र १० को मादीनदीबाट नदीजन्य पदार्थ उत्खननका लागि रिद्धिसिद्धि निर्माण सेवा प्रा.लि.धापासी ६ टोखा काठमाण्डौंसँग सम्झौता भई काम हुदै आईरहेकोमा विभिन्न कारण देखाई रकम दाखिला गर्ने म्याद थप गरी पाउँ भनि निवेदन पर्न आएको हुँदा उक्त कम्पनीलाई २०७८ पौष मसान्तबाट २०७८ माघ मसान्तसम्म राजश्व दाखिला गर्ने म्याद थप गरिदिने निर्णय गरियो ।

**निर्णय नं.२२ :**प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा सामाजिक सुरक्षा भत्तामा विनियोजित रकममा नपुग हुन आउने अनुमानित रू. ११,००,००,०००।- (एघार करोड) सम्बन्धित विभागमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३ :**प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको परिपत्रानुसार आ.व. २०७९/०८० को सेवा निरन्तरता दिन जनशक्तिको पारिश्रमिक रकमको आधा रकमको प्रतिवद्धता पठाउने निर्णय गरियो ।

**निर्णय नं.२४ :** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा.वडा नं. ४ बस्ने टेक बहादुर सुनारको छोरा अभिषेक सुनार श्री जनगणपती मा.वि. म्याग्देमा भेटेरीनरी विषयमा अध्ययनरत रही छात्रवृत्तिको माग भई आएकाले निजको विद्यालयको शुल्क बुझाएको रसिद वा विद्यालयको निरन्तर अध्ययनको पत्र सहित अनुरोध भई आएमा रू.४०,०००।- (चालिस हजार) छात्रवृत्ति शिर्षक नं. १५७) बाट भुक्तानी दिने निर्णय गरियो । साथै २०७८/१/१४ गते निर्णय नं. ६ (१०) मा छात्रवृत्ति दिने गरी श्री सन्दिपा पन्थलाई भएको निर्णयानुसार भुक्तानी हुन बाँकी रू.४०,०००।- (चालिस हजार) यस बर्षको रकमबाट भुक्तानी दिने समेत निर्णय गरियो ।

**<u>निर्णय नं.२५ :</u>**प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.१२ मनकामना टोलमा बस्ने श्री विष्णुमाया ढकाललाई विपद् अन्तर्गत घर मर्मत गर्न रू.३५,०००।- (पैंतिस हजार) राहत सहयोग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२६ :</u>** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा प्रेस चौतारी नेपाल जिल्ला शाखा तनहुँको अधिवेशन सहयोग खर्च वापत रू.२५,०००। (पच्चीस हजार) विविध चालुबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.२७ :</u>** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं. १० बस्ने श्री प्रताप बस्नेतलाई कोरोना सहित दिर्घ रोगमा उपचार खर्च वापत रू.२०,०००।- (बिस हजार) सम्बन्धित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.२८</u> :** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा निम्नानुसार आन्तरिक नियन्त्रण समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (१) संयोजक श्री वैकुण्ठ न्यौपाने | – नगर प्रमुख |
| (२) सदस्य श्री सतिशचन्द्र न्यौपाने | – वडा अध्यक्ष |
| (३) सदस्य श्री नरिमाया राना | – कार्यपालिका सदस्य |
| (४) सदस्य श्री अमृत के.सी. | – ईन्जिनियर (घर नक्सा शाखा) |
| (५) सदस्य-सचिव श्री कुमार कंचन जि.सी. | – उपनिर्देशक (आ.ले.प.) |

**<u>निर्णय नं.२९</u> :** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संशोधित परी पत्रानुसार प्रति व्यक्ति प्रति दिनको रू.५६०।- (पाँच सय साठी) पारीश्रमिक ज्याला कायम गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३०</u> :** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा २०७८/१०/१६ गते शहिद दिवसका दिन व्यास नगरपालिका अन्तर्गतका सबै कार्यालयहरु, विद्यालयहरुमा शहिदहरु प्रति सम्मान प्रकट गर्दै सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३१ :</u>** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा बजेट शिर्षक नं. ८७४ अन्तर्गत सङ्घीय सरकारबाट मानुङ गलेखाम एकिकृत पर्यटन पूर्वाधार विकास अन्तर्गत विनियोजित रकम रू.१५,००,०००।- (पन्ध्र लाख) व्यास न.पा. वडा नं. ५ को मानुङकोटको पूर्वाधार विकासमा रू.७,५०,०००।- (सात लाख पचास हजार) र व्यास न.पा. वडा नं. ६ गलेखाम कोटको पूर्वाधार विकासका लागि रू.७,५०,०००।- (सात लाख पचास हजार) विनियोजित गरी पूर्वाधारका कार्य अघि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं.३२ :</u>** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यायहरुको व्यवस्थापन समितिको सदस्य प्रतिनिधि पठाउने अधिकार सम्बन्धित वडाका अध्यक्षलाई प्रत्यायोजित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३३ :</u>** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत उपभोक्ताहरुबाट निर्माण हुने बाटोहरु मर्मत ग्राभेल गर्नका लागि आवश्यक ढुङ्गा, गिट्टीजन्य पदार्थहरु बाढीले ल्याएका गेग्रानबाट सम्बन्धित वडाका खोलाबाट प्राविधिकको प्रतिवेदनका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।